# प्रभु इन्स्योरेन्स लिमिटेड
## Prabhu Insurance Limited

पो.ब.नं. १०८११, तिनकुने, काठमाडौं, नेपाल
फोन नं.: ५१९९२२०, ५१९९२२६ फ्याक्स नं. ५१९९२४७
E-mail: info@prabhuinsurance.com, Website: www.prabhuinsurance.com

को

# हितग्राही खातामा हकप्रद शेयर जम्मा गरिएको तथा शेयर अभौतिकीकरण गर्ने बारेको सूचना

प्रभु ईन्स्योरेन्स लिमिटेडको मिति २०७३/१२/०४ गतेसम्म कायम साविक शेयरधनीहरूका लागि दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा जारी गरिएको हकप्रद शेयर नेपाल स्टक एक्सचेन्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचिकृत तथा दर्ता भई अभौतिक रूपमा कारोबार हुने व्यवस्था भई सकेको व्यहोरा जानकारी गराउँदछौ ।

मिति २०७३/१२/०४ गतेसम्म आफ्नो भौतिक शेयर अभौतिकीकरण गराई सकेका उक्त कम्पनीका शेयरधनीहरूको (शेयर रोक्का नरहेको खण्डमा) हकप्रद शेयर निजहरूको हितग्राही खातामा नै जम्मा गरिएको ब्यहोरा जानकारी गराउँदछौं । साथै सो मिति पश्चात् शेयर अभौतिकीकरण गराएका शेयरधनीहरूको हकमा सम्बन्धित शेयरधनीको निवेदन लिई हितग्राही खातामा हकप्रद शेयर जम्मा गरिने व्यवस्था गरिएको हुँदा निजहरूको हकप्रद शेयर आफ्नो हितग्राही खातामा प्राप्त गर्न शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंले तोकिएको ढाँचामा निवेदन दिनहुन अनुरोध गरिन्छ । निवेदनको ढाँचा शेयर रजिष्ट्रारको website: www.prabhucapital.com बाट पनि प्राप्त गर्न सकिनेछ ।

साथै मिति २०७४/०३/१९ गतेसम्म उक्त बैंकको अभौतिक शेयर धितो बन्धक राखी कर्जा लिएका शेयरधनी/हितग्राहीले सम्वन्धित बैंक तथा वित्तीय संस्थाहरूबाट स्वीकृति-पत्र लिई यस कम्पनीमा पेश गरे पश्चात मात्र निजको खातामा हकप्रद शेयर जम्मा गरिनेछ, साथै सो मिति पश्चात् रोक्का राखिएको शेयरको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूले हकप्रद शेयर रोक्का भए/नभएको यकीन गर्नुहुन तथा रोक्का नरहेको खण्डमा रोक्का गर्नुहुन समेत यसै सूचनाबाट सूचित गरिन्छ ।

**शेयर रजिष्ट्रारः**

**प्रभु क्यापिटल लिमिटेड**

कमलादी, काठमाण्डौं, नेपाल, फोन नं.: ४२२२९८७, फ्याक्स नं. : ४२२२८०२
Email: info@prabhucapital.com, Url:www.prabhucapital.com
(साविकको ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड)